"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, फाल्गुण १५ गते २०८० साल (संख्या०९

## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०९

# सिरीजङ्घा गाउँपालिकामा करारमा कम्प्युटर शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड २०८०

**प्रमाणिकरण मिति २०८०।११।१४**

**प्रशतावना** :सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रका सामूदायिक माद्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउदै अन्य फिडर विद्यालयलाई समेत प्रविधिमा जोड्न प्रत्येक सामुदायिक माद्यमिक विद्यालयमा एक कम्प्युटर शिक्षक करारमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सिरीजङ्घा गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनबाट पारित विनियोजन ऐन, २०८० लाई कार्यान्वयन गर्न सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) कार्यविधी, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०८०।११।१३ गते बसेको बैठकले यो मापदण्ड तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १ प्रारम्भ

१ संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम सामुदायिक माद्यमिक विद्यालयमा करार सेवामा कम्प्युटर शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८० रहेको छ।

(ख) यो मापदण्ड सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२ परिभाषा र व्याख्याः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले सिरीजङ्घा गाउँपालिकालाई सम्झनुपर्छ।

ख) **"विनियोजन ऐन"** भन्नाले सिरीजङ्घा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को विनियोजन ऐन, २०८० लाई सम्झनुपर्दछ।

ग) **"प्रमुख"** भन्नाले सिरीजङ्घा गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

घ) **"उपप्रमुख"** भन्नाले सिरीजङ्घा गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्छ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिरीजङ्घा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।"

च **"शिक्षा अधिकृत"** भन्नाले शिक्षा शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनुपर्दछ।

छ) **"शिक्षा शाखा प्रमुख"** भन्नाले शिक्षा शाखाको शाखा प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारी सम्झनुपर्दछ।

ज) "**विद्यालय व्यवस्थापन समिति**" भन्नाले शिक्षा ऐन, २०२८ र नियमावली २०५९ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

झ) "**कम्पुटर शिक्षक व्यस्थापन**" भन्नाले यस कार्यविधि बमोजिम नियुक्ति हुने शिक्षकलाई सम्झनुपर्दछ।

ञ) "**छनोट समिति**" भन्नाले कम्प्युटर शिक्षक करारमा नियुक्ति गर्न यस मापदण्ड बमोजिम गठित समिति बुझ्नुपर्दछ।

ट) "**विशेषज्ञ**" भन्नाले करारमा कम्प्युटर शिक्षक छनोट गर्न छनोट समितिले तोकेको सम्वन्धित विषयको विषय विज्ञलाई सम्झनुपर्दछ।

## परिच्छेद २:

## पद सिर्जना, पदपूर्ती तथा उम्मेद्वारको योग्यता सम्बन्धी व्यवस्था

३. पद सिर्जना तथा पदपूर्तीः

क) सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रका सवै सामुदायिक माध्यमिक विद्यालयहरुमा निम्न माध्यमिक तह तृतीय श्रेणी वा सो सरहको एक जना कम्प्युटर करार शिक्षक व्यवस्थापन प्रत्येक आर्थिक वर्षको विनियोजन ऐनद्वारा पारित बजेटको आधारमा गरिनेछ।

ख) नियुक्ति प्रयोजनको लागि गाउँपालिकाले १५ दिने सूचना प्रकाशन गरी छनोट समिति मार्फत रितपूर्वक निवेदन प्राप्त भएका प्रतिष्पर्धिहरुबाट खुला प्रतिष्पर्धाबाट छनोट गरी नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

४. नियुक्तिको लागि योग्यता:

(क) नेपाली नागरिक हुनुपर्ने ।

(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर मुल विषय लिई प्रविणता प्रमाणपत्र वा सो सरहको शिक्षा पूरा गरेको ।

(घ) प्रचलित कुनै कानुन बमोजिम अयोग्य ठहर नभएको ।

५. छनोट प्रक्रियाः

क) कम्प्युटर शिक्षक व्यवस्थापन प्रयोजनको लागि गाउँपालिकाले १५ दिने सूचना प्रकाशन गरी छनोट समितिमार्फत रितपूर्वक निवेदन प्राप्त भएका प्रतिष्पर्धिहरुबाट खुला प्रतिष्पर्धाबाट छनोट गरी नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

ख) परीक्षाको किसिमः  लिखित, प्रयोगात्मक र मौखिक परीक्षा ।

ग) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेद्वार छनोट गर्नुपर्ने छ ।

## परिच्छेद ३:

## छनोट समिति, परीक्षाको पाठ्यक्रम तथा विशेषज्ञ सम्बन्धी व्यवस्था

६. छनोट समितिः सेवा करारमा कम्प्युटर शिक्षक छनोट गर्न देहाय बमोजिमको एक छनोट समिति रहने छ ।

क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक

ख) सूचना प्रविधि अधिकृतः सदस्य

घ) करार कम्प्युटर शिक्षक छनोट समितिले मनोनित गरेका विशेषज्ञ दुई जना सदस्य

ग) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखः सदस्य-सचिव

७. विशेषज्ञको छनोटः सेवा करारमा कम्प्युटर शिक्षक छनोट समितिले कम्प्युटर मुल विषय लिई मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरहको योग्यता हाँसिल गरि ५ वर्षभन्दा माथि सेवा अवधि भएका  व्यक्तिहरुमध्येबाट सुचिकृत हुन सूचना आह्वान गर्नेछ र रीतपूर्वक आवेदन दिएका मध्येहरुबाट गोला प्रथाबाट दुईजना छनोट गर्नेछ।

८. परीक्षाको पाठ्यक्रमः लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगले जारी गरेको कम्प्युटर अपरेटर पदको पाठ्यक्रम सरह हुनेछ।

## परिच्छेद ४ सेवा शर्त तथा सुविधा

९. शिक्षकको सेवा सुविधाः कम्प्युटर करार शिक्षकले देहाय बमोजिमको सेवा सुविधा पाउनेछ।

क) महंगी भत्ता बाहेक संघीय सरकारले तय गरेको निम्म माद्यमिक तृतीय श्रेणीको करार शिक्षक पदले पाउने सेवा सुविधा सरह।

**परिच्छेद ५ करार शिक्षकको काम, कर्तव्य र जिम्मेवारी**

१०. शिक्षकको काम कर्तव्य र जिम्मेवारीः कम्प्युटर सेवा करारमा नियुक्ति हुने शिक्षकको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछन्।

क) विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक सहजीकरण गर्ने,

ख) विद्यालयका अन्य शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने,

ग) कम्प्युटरको आधारभूत तालिम लिन चाहने विद्यार्थीहरुलाई तालिम प्रदान गर्ने,

घ) अन्य फिडर विद्यालयका शिक्षक कर्मचारीहरुलाई समेत सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने,

तालिमको मोड्युल गाउँ कार्यपालिकाको कार्यालयले तय गर्नेछ।

**परिच्छेद ६: जिम्मेवारीबाट हटाउन सकिने**

क) गाउँपालिकाले तोकेका शर्त अन्तर्गतका काम कारबाहीहरु चित्तबुझ्दो नभएमा विद्यालय व्यस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले जुनसुकै बखत करार सम्झौता भंग गर्न सक्नेछ।

**परिच्छेद ७: विविध**

११. यस मापदण्ड बमोजिम लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

१२. मापदण्डको व्याख्याः यो मापदण्डको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ।

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्गा गाउँपालिका, ताप्लेजुङ।**